बैठक संख्या :- ६८

मिति :- ०७६/१२/१७ गते सोमवार
समय :- विहान ११.०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाईं | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १ |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडाअध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री शान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री फौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोतम सुवेदी | सदस्य- सचिव |

**निर्णय नं. १ :-** विश्वव्यापी रुपमा भयावह रुपले फैलिरहेको कोराना भाईरस(कोभिड-१९) को सक्रमण थप फैलिन नदिन नेपाल सरकारद्धारा जारी गरीएको लकडाउनको अवधिमा दैनिकि उपभोग्य वस्तु तथा औषधि लगायताका अत्यवश्यक वस्तुहरुको बिक्री वितरण तथा आपूर्ति व्यवस्थालाई व्यवस्थित र नियमित वनाउनको लागी निम्न अनुसार गर्ने निर्णय गरियो ।

- जिल्ला प्रशासन कार्यालय तथा उद्योग वाणिज्य संघ संग निरन्तर समन्वय गर्ने ।
- उक्त सामाग्री विक्रि वितरण गर्ने पसल हरुको नियमित अनुगमन र सहजीकरण सम्वन्धित वडाअध्यक्ष र जनप्रतिनिधहरुले गर्ने ।
- भिडभाड नुहने गरी गाँउ टोल सम्म खाद्यन्न विक्रि वितरणका लागि उद्योग वाणिज्य संग समन्वय गरी घुम्ति पसलको व्यवस्था मिलाउने ।
- दैनिक उपभोग्य वस्तुहरुको ढुवानीलाई व्यवस्थित र सहज वनाउन प्रशासन संयन्त्र लाई अनुरोध गर्ने ।

**निर्णय नं. २ :-** वर्तमान लकडाउनको समयमा कमलामाई नगरपालिका क्षेत्र भित्र दैनिक ज्यालादारी गरी जीवन निर्वाह गरीरहेका मजदुर तथा आर्थिक रुपमा विपन्न गरिब परिवारहरु तत्काल संकटमा पर्ने देखिएको हुँदा चरणगत रुपमा देहाका व्यक्ति वा परिवारहरुलाई देहाय अनुसारको जिवन निर्वाह राहत प्याकेज उपलब्ध गराउने निर्णय गरियो ।

- पहिलो चरण : कमलामाई नगरपालिका द्धारा स्वास्थ्य विमा गरीएका ढुङ्गा,गिट्टि कुटने मजदुरका ६६ घर परिवाहरुलाई
- दोश्रो चरण : नगरपालिका द्धारा स्वास्थ्य विमा गरीएका अति विपन्न मजदुर तथा आर्थिक रुपमा कमजोर वर्गका ३९४ परिवारहरुलाई
- तेश्रो चरण : प्रत्येक वडावाट अति विपन्न परिवार भनि स्वास्थ्य विमाका लागि नगरपालिकामा सिफारिस गरीएका तर स्वास्थ्य विमा कार्यक्रमा पर्न नसकेका करीव ८०० परिवारहरुलाई
- चौथौ चरण : उपयुक्तअनुसार राहत प्याकेज प्राप्त गर्न वाट छुटेका अति विपन्न गरीव वा मजदुरका परिवार भनि वडावाट राहत प्याकेजका लागि सिफारिस भै आएका व्यक्ति वा परिवारहरुलाई
- राहत सामाग्रीहरुको वितरणमा सम्वन्धित वडा कार्यालय र जनप्रतिनिधहरु ले स्थानीय संयन्त्र प्रयोग गरी व्यक्ति पहिचान सहित वितरणको काममा भुमिका निर्वाह गर्ने
- राहत कार्यको लागि सुरक्षा निकाय (नेपाली सेना ,नेपाल प्रहरी र शसस्त्र प्रहरी) हरुलाई परिचालनका लागि जिल्ला सुरक्षा समितिमा अनुरोध गर्ने ।
- उक्त राहत प्याकेज वितरको लागि आवश्यकता अनुसार सवारी साधान भाडामा समेत लिई परिचालन गर्ने ।

उल्लेखित प्रथम देखि चौथौ चरणमा लागि उपलब्ध हुने राहत प्याकेजमा निम्न अनुसारका सामाग्रीहरु समावेश गर्ने ।

| सि.न | समानको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | चामल | २० केजी | |
| २ | दाल | ३ केजी | |
| ३ | नुन | १ केजी | |
| ४ | तेल | २ केजी | |
| ५ | सावुन | एक थान | |

**निर्णय नं. ३ :-** माथि वुदा नं. २ अनुसारका खाद्य सामाग्रीहरु तत्काललै वितरण शुरु गर्नु पर्ने भएको तर खरिद गरी वितरण गर्नका लागि लकडाउनको वर्तमान अवस्था तथा विपदको घडिमा सार्वजनिक खरिद ऐन,निमयको प्रक्रिया पुरी गरी वोलपत्र द्वारा सुचना प्रकाशन गरी खरिद गर्न सम्भव नहुने देखिएकोले सोही ऐनको दफा ६६ र नियमावलीका नियम १४५ को परिधि भित्र रहि नेपाली सेना (वर्द वहादुर गण) मा खाद्धन्न आपूर्तिका लागि चालु आर्थिक वर्षमा स्वीकृत, निम्नानुसारको दररेटमा उक्त गणमा सामाग्री आपूर्ति गर्न ठेकेदार वा अन्य कुनै ईच्छुक ठेकेदार संग आपरी वार्ताको माध्यमावट खरिद गरी वितरण गर्ने ।

**स्वीकृत दररेट :**

| सि.न | समानको नाम | मूल्य रु. | कैफियत |
|---|---|---|---|
| १ | चामल | ६० | प्रति केजी |
| २ | दाल | १२० | प्रति केजी |
| ३ | नुन | १५ | प्रति पोका |
| ४ | तेल | १५५ | प्रति लिटर |
| ५ | सावुन | २५ | प्रति गोटा |

**निर्णय नं.४ :-** कोरोनामा संक्रमणको बर्तमान संकटबाट उन्मुक्तिका लागि सबैको सहयोग आवशयक पर्ने भएको हुंदा यस कार्यमा यथासक्य सहयोग गर्न सबै संघ, संस्था व्यक्ति वा निकायहरुलाई अनुरोध गर्ने । नगद सहयोग गर्न चाहानेहरुलाई राष्ट्रिय वाणिज्य बैंकमा रहेको यस नगरपालिकाको प्रकोप व्यवस्थापन खाता नं. १०६०३०५०८८८०२ मा नगद जम्मा गरी सहयोग गर्नु हुन समेत अनुरोध गर्ने । कसैले खाद्धन्न वा औषधी जिन्सी सामाग्री सहयोग गर्न चाहेमा सो पनि स्वीकार गरी वितरण गर्ने निर्णय गरियो । सहयोग गर्न चाहने हरुवाट औषधि जन्य सामाग्री वाहेक वितरण गर्न उल्लेख भएका सामाग्रीहरु मात्र स्वीकार गर्ने ।

**निर्णय नं. ५ :-** यस नगरपालिकाबाट विपद जोखिम तथा व्यवस्थापन ऐन, २०७५ को दफा १२ (१) मा विपद व्यवस्थापनका लागि नगरपालिकामा छुट्टै एक आकस्मिक कोष रहने व्यवस्था भएको तर यस नगरपालिकामा सो मिति अगावै देखि प्रकोप व्यवस्थापन कोषका नाममा एक कोष संचालनमा रहेको हुँदा सो संचालनमा रहेको कोषलाई ऐनमा उल्लेख भएको कोषको रुपमा प्रयोग गर्ने र चालु आर्थिक वर्षमा विपद व्यवस्थापन शिर्षकमा विनियोजन भई बाकी रहेको रकम उक्त कोषमा जम्मा गरी खर्च गर्ने ।

**निर्णय नं. ६ :-** नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तर्फको कार्यहरुको लागि ई विडिङ लगायत विभिन्न प्रकियाबाट बोलपत्र सूचना प्रकाशन गरिएको र कतिपय बोलपत्रको म्याद समाप्तीको क्रममा रहेको तर बर्तमान लकडाउनको अवस्थामा सेवा प्रवाह समेत अवरुद्ध भई तोकिएका कागजात र विवरण संकलन गरी पेश गर्न समेत कठिनाई रहेको हुँदा उक्त बोलपत्रहरुको म्याद चैत मसान्त सम्म वडाउने निर्णय गरियो । तर सेनेटेरी प्याड सम्वन्धी ठेक्का सूचना प्राविधिक कारणवाट पुनः शंसोधन गर्न ई-विडिङ्ग मा नसकिने भएकोले उक्त सुचना हाललाई रद्ध गर्ने ।

**निर्णय नं.७ :-** नगरका सवै वजार क्षेत्रहरुमा किटनासक औषधि (Disinfeated Spray ) छर्कने कार्यलाई तिव्रता दिदै यस कममा अत्यावश्यक औषधि तथा स्प्रे केमिकल लगायतका सामाग्रीहरु खरिद गर्दा आवश्यक पर्ने रकम चालु आर्थिक वर्षको औषधि खरिद शिर्षकमा विनियोजित रकमवाट समेत खर्च गर्ने सकिने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** कोराना संक्रमणका कारण मुलुका लकडाउनको अवस्थामा रहेको वर्तमान समयमा पटक,पटक बैठक वसि निर्णय गर्न एंव सदस्यहरु उपस्थित हुन कठिनाई देखिएको हुँदा वर्तमान समयमा विपद व्यवास्थापन को कार्य सम्पादन गर्ने ,आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्न , खरिद तथा वितरण सम्वन्धी एंव सहजीकरण गर्न देहाय वमोजिमको निर्देशक तथा समन्वय समिति गठन गरी अधिकार प्रयायोजन गर्ने निर्णय गरियो ।

- नगर प्रमुख - सयोजक
- उप-प्रमुख - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- नगरकार्यपालिका प्रवक्ता - सदस्य
- वडा नं ६ वडा अध्यक्ष - सदस्य
- वडा नं. १० वडा अध्यक्ष - सदस्य
- आर्थिक प्रशासन प्रमुख - सदस्य
- प्रशासन शाखा प्रमुख - सदस्य सचिव

उक्त समितिले आफ्नो कार्यविधि आफै वनाइ कार्यसम्पादन गर्न सक्ने छ ।

**निर्णय नं. ९ :-** कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरुप प्राप्त जिन्सी सामाग्रीको व्यवस्थापन तथा वितरण गर्न देहाय अनुसारको उपसमिति गठन गर्ने निर्णय गरियो ।

- विपद तथा वातवरण समिति सयोजक - सयोजक
- श्री वविन्द्रलाल माझि - सदस्य
- श्री ईश्वर वहादुर दर्लामी - सदस्य
- श्री विष्णु प्रसाद भण्डारी - सदस्य
- नगर प्रहरी - सदस्य

**निर्णय नं. १० :-** प्रत्येक वडामा कोराना संक्रमणको जोखिममा परेका, विपदको चपेटामा परि जिवन निर्वाह गर्न कठिनाई परि रहेका व्यक्तिहरुको विवरण संकलन गर्ने र वास्तविक व्यक्ति ,परिवार यकिन गरी खाद्यन्न आपूर्ति व्यवस्थालाई प्रभावकारी वनाउन वडा अध्यक्षको संयोजकत्वमा वडा सचिव वा वडामा खटिएको कुनै कर्मचारी सहितको तिन सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-** राहत वितरणको सामाग्री आपूर्तिमा सहजता ल्याउन तत्काल आवश्यक रकम पेश्की स्वरुप उपलब्ध गराई कार्य गराउने निर्णय गरियो ।

**निर्णय नं. १२ :-** चालु आर्थिक वर्ष ०७६/०७७ मा नगरपालिका वाट चालु तर्फ भैपरी आउने खर्चको रुपमा पचास लाख विनियोजन भएकोमा उक्त रकम भैपरी आउने शिर्षकवाट खर्च लेख्न नमिल्ने भएकोले उक्त शिर्षकको रकम विविध खर्च शिर्षकमा विनियोजन गरी उक्त वजेट वाट नगरपालिकाको आकस्मिक कार्यक्रम र अन्य आवश्यक कार्यक्रममा खर्च गर्ने र भएको खर्च रकम नगर सभा वाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :-** कोराना भाईरल (कोभिड -१९) राहात कोषमा राष्ट्र सवेक कर्मचारी हरुले पाच दिन वरावरको तलब जम्मा गर्ने संघीय सरकारवाट निर्णय भएको वाहेक कमलामाई नगरपालिका अन्तरगत सम्पूर्ण कर्मचारीहरुलै नगरपालिका विपद व्यवस्थापन कोषमा थप एक वरावरको तलब जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :-** कोराना भाईरल (कोभिड -१९) सक्रमण फैलन वाट जोगाउन कमलामाई नगरपालिका को वडा नं.१० मा कोराईटन को व्यवस्था गर्ने निणय गरियो ।